सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल

माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गाना

**आदेश**

०७८-WO-०२४६

विषयः- उत्प्रेषण, परमादेश।

राम मोती मण्डलको नाति, राम नारायण मण्डलको छोरा, जिल्ला सिराहा, साविक अ. वैतौना वडा नं.६ हाल गोलबजार न.पा. वडा नं. ९ बस्ने **बाबुलाल मण्डल** -१ निवेदक

विरुद्ध

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, साविक प्रदेश नं. २ हाल मधेश प्रदेश, जनकपुरधाम, धनुषा ------------------------------------------------------- १

रामसरोज यादव, मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय, जनकपुरधाम, धनुषा-१ विपक्षी

जीवनाथ चौधरी, सल्लाहकार, भौतिक पूर्वाधार मन्त्रालय, जनकपुरधाम, धनुषा -- १

नेपालको संविधानको धारा ४६ र १३३(२) र (३) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार रहेको छ :-

संक्षिप्त तथ्य

१. म निवेदक बाबुलाल मण्डल प्रदेश नं २ को मतदाता रहेको र विपक्षीवाट कानूनले अयोग्य भनेको व्यक्तिलाई भौतिक पुर्वाधार तथा विकास मन्त्रालयको सल्लाहकारमा नियुक्ति दिएको हुँदा म समेतका नागरिकलाई असर पर्ने भई प्रस्तुत विषयमा मेरो सार्थक सरोकार रहेको छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २(घ) मा "राष्ट्रसेवक" भन्नाले प्रचलित कानून बमोजिम सार्वजनिक पद धारण गरेको मानिने व्यक्ति सम्झनुपर्छ भनिएको छ। साथै सो ऐनको दफा ३३ ले भ्रष्टाचार मुद्दा दायर भएपछि यस्तो राष्ट्रसेवक सो मुद्दाको किनारा नभएसम्म स्वतः निलम्बनमा रहने व्यवस्था गरेको छ। अर्थात अभियोग लाग्ने वित्तिकै निलम्बनको व्यवस्था गरिएबाट यसलाई अन्य मुद्दा भन्दा वढि गंभिर मानिएको स्पष्ट छ। दफा ५४ मा कैद ठेकिएकोमा कैद नै वस्नुपर्ने र दफा ५९

(च) ले यस्तो मुद्दा मिलापत्र गर्न र मुद्दा फिर्ता गर्न नसकिने भन्ने व्यवस्था गरेको छ। कसूर प्रमाणित नभएसम्म निलम्बन हुने व्यक्ति कसूर प्रमाणित भएपछि नियुक्तिको लागि योग्य हुँदैन र हुन सक्दैन।

प्रस्तुत मुद्दामा प्रत्यर्थी जीवनाथ चौधरी सरकारी कर्मचारी हुन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रतिवेदनले नेपाल सरकार वादी र निज जीवनाथ चौधरी समेत प्रतिवादी भएको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट मिति २०७२।०३।०१ मा निज जीवनाथ चौधरीलाई ४ महिना कैद र रु.३,००,०००।– जरिवाना हुने समेतको फैसला भएको थियो। उक्त मुद्दा सम्मानित सर्वोच्च अदालतमा ०७२-CR-१४९७ मा विचाराधिन रहेकोमा मिति २०७६।०६।२९ मा संयुक्त इजलासबाट रायबाझी भई पुर्ण इजलासमा पठाउने आदेश भएको र फैसला तयार नभएको कारण पुर्ण इजलास समक्ष पेश भएको अवस्था छैन। अर्थात विशेष अदालतको फैसला वदर भएको वा विपक्षीले सफाई पाएको अवस्था छैन, होइन। यसरी भ्रष्टाचार मुद्दामा कसूरदार ठहर भएको व्यक्तिलाई भौतिक पूर्वाधार विकास मन्त्रीले सल्लाहकारमा नियुक्ति दिनु नै स्वयं भ्रष्टाचार हो। साथै प्रदेश सरकारले निजको अध्यक्षतामा रहेको मिथिला विकास कोषको नाममा वजेट विनियोजन गर्नु सुशासनको सिद्धान्तको हिसावले समेत अस्वीकार्य छ।

अतः मिति २०७२।०३।०१ मा बिशेष अदालतले कैद, जरिवाना हुने गरी भएको फैसला सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा माननीय भौतिक पूर्वाधार विकास मन्त्री रामसरोज यादवले जीवनाथ चौधरीलाई मन्त्रालयको सल्लाहकारमा नियुक्त गरेको, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सो प्रयोजनको लागि बजेट दिने गरेको, निज संलग्न भएको संस्थालाई बजेट दिई वदनियतपूर्ण कार्यमा प्रत्यक्ष संलग्न भएको र यो कार्य नेपालको संविधानको प्रस्तावना, सुशासन ऐनको दफा ६, १७, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २(ग) (घ), ८, ३३, ३६, ५९ (च) विपरित हुँदा निजलाई नियुक्ति गर्ने मिति २०७८।०३।२० को निर्णय, सो सम्बन्धि पत्र तथा कार्यहरु उत्प्रेषण समेतको आदेशबाट बदर गरी निजलाई कुनै पारिश्रमिक दिने कार्य नगर्नु नगराउनु, निजले पारिश्रमिक सुविधा लिएको भए असुल गर्नु र निज संलग्न कुनै संस्थालाई कुनै प्रकारले प्रदेश सरकार वा सरकारी कोषवाट कुनै वजेट दिने कार्य नगर्नु भनी परमादेश जारी गरी पाऊँ। साथै यो कार्य तत्काल नरोकेमा संविधान र कानूनको गम्भीर उल्लंघन हुने,

प्रदेशका आम जनतालाई अपुरणीय क्षति पुग्न जाने हुँदा यो रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म निजलाई भौतिक पूर्वाधार विकास मन्त्रालयको सल्लाहकार पदमा रही कुनै कार्य नगर्नु, नगराउनु र निज संलग्न कुनै संस्थामा कुनै रकम भुक्तान नगर्नु, नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(१) बमोजिम अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने बेहोराको **निवेदक बाबुलाल मण्डलको निवेदन।**

२. यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने आधार र कारण भए सो समेत साथै राखी यो आदेश प्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र विपक्षी नं. १, २, का हकमा मुख्य न्यायाधिवक्ताको कार्यालय प्रदेश नं. २ जनकपुरधाममार्फत र विपक्षी नं. ३ का हकमा आफै वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूलाई म्याद सूचना पठाइ म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नुहोला भनी **यस अदालतबाट मिति २०७८।०५।२१ मा भएको आदेश।**

३. म लिखितजवाफवाला उपर गलत तरिकाले रकम भुक्तानी गरेको भन्ने झुट्टा उजुरीको आधारमा विशेष अदालतमा मुद्दा दायर भई विशेष अदालतले भएको ठहर फैसला विरुद्ध यसै सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनपत्र दर्ता गरेकोमा रायबाझी फैसला भई पुर्ण इजलासबाट न्याय निरुपण हुन नपाउँदै विपक्षी निवेदकले पुर्ण इजलासको फैसलालाई अनुचित प्रभाव पार्ने गरी दायर गरेको रिट निवेदन पूर्णतः खारेजभागी रहेको छ। नेपालको संविधानको धारा २० (५) मा उल्लेखित व्यवस्थाले अन्तिम तहको अदालतबाट कसुरदार प्रमाणित भएको हुनुपर्ने वा त्यस्तो फैसला उपर पुनरावेदन गर्ने म्याद भुक्तान भएको हुनुपर्ने भन्ने हो। तसर्थः एक तह अदालतबाट भ्रष्टाचार मुद्दामा कसुरदार हुने वित्तिकै त्यस्तो व्यक्ति अन्य कुनै पनि पदमा नियुक्त वा मनोनयन हुन नपाउने भन्ने रिट निवेदन जिकिर संविधान विपरित रहेको छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३३ बमोजिम स्वतः निलम्बन हुने व्यवस्था मेरो साविक लेखा अधिकृत पदको सन्दर्भमा मात्र आकर्षित हुने हो, राजनितिक नियुक्ति, मनोनयन वा निर्वाचित हुने पदहरुमा आकर्षित हुने होइन। मेरो नियुक्ति नितान्त अवैतनिक पदका लागि भएको र सो नियुक्तिमा मैले हालसम्म कुनै आर्थिक, भौतिक सुविधा लिएको छैन र लिने, पनि छैन। तसर्थः माननीय मन्त्रीले मलाई

सल्लाहकारमा नियुक्त गर्नु भएको र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सो प्रयोजनको लागि बजेट दिने व्यवस्था गरेको भन्ने जस्ता रिट निवेदन दाबी यथार्थपरक नभई हचुवाको आधारमा मात्र लिएको प्रष्ट छ। यस्तो हचुवाको दाबी लिई दायर भएको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत **बेहोराको विपक्षी जीवनाथ चौधरीको तर्फबाट पेश भएको लिखित जवाफ।**

४. जीवनाथ चौधरी मन्त्रालयको सल्लाहकार हुन योग्य व्यक्ति भएको कारणले निजलाई मन्त्रालयको काम कारवाहीमा सरसल्लाहका लागि नियुक्त गरिएको हो। विशेष अदालतको फैसला बमोजिम निज जीवनाथ चौधरीले भ्रष्टाचार गरेको ठहर भै कैद र जरिवाना गरिएको भएपनि उक्त फैसला सम्मानित सर्वोच्च अदालतमा कारवाहीयुक्त अवस्थामा रहेको छ। भ्रष्टाचारको अभियोग लागी निज तत्काल कार्यरत रहेको पदबाट निलम्बन भएको भएपनि उक्त अभियोगपत्रमा निजले अन्य कुनै पनि पदमा रहेर काम गर्न नपाउने गरी रोक लगाइएको अवस्था छैन भने भ्रष्टाचार निवारण ऐनमा समेत त्यस प्रकारको कानूनी व्यवस्था रहेको छैन। कानूनसम्मत ढंगबाट निजलाई मन्त्रालयले सल्लाहकारमा नियुक्त गरेको हुँदा उत्प्रेषणको आदेश जारी हुन सक्दैन। त्यसैगरी जीवनाथ चौधरीलाई यस मन्त्रालयबाट तलव सुविधा दिने गरी नियुक्त गरिएको नभई अवैतनिक सल्लाहकारको रुपमा नियुक्त गरिएको हो। नीति निर्माण र निर्णयमा सरिक हुन नसक्ने भएको कारणबाट निजको नियुक्तिबाट राष्ट्र, समाजलाई कुनै किसिमको हानी नोक्सानी समेत भएको छैन। मैथिली विकास कोषको अध्यक्ष जीवनाथ चौधरी भएपनि निज उक्त संस्थाका एकल पदाधिकारी होइनन्। उक्त संस्था कानूनबमोजिम दर्ता भएको एक स्वशासित र संगठित संस्था हो। उक्त संस्थाले यस क्षेत्रमा प्रभावकारी र उल्लेखनीय कामहरु गरी आएको हुँदा सो संस्थाको भौतिक निर्माण र वृति विकासका लागि कानूनको अधीनमा रही वजेट विनियोजन भएको हो। भ्रष्टाचारको अभियोग लागेकै कारणले निज संघ संस्थाको अध्यक्ष हुन नपाउने र निज संलग्न रहेको संस्थालाई बजेट विनियोजन गर्न नहुने गरी कुनै कानूनले रोक लगाएको समेत छैन। निवेदकले प्रवृत भावनाबाट ग्रसित भई प्रस्तुत निवेदन दायर गरेको तथ्य निवेदन लेखबाट स्थापित भएकोले रिट निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको **विपक्षी श्री भौतिक पुर्वाधार विकास मन्त्रालय, प्रदेश नं. २, जनकपुरका माननीय मन्त्री राम सरोज यादवको लिखित जवाफ।**

५. भ्रष्टाचारजन्य विषयमा कसुरदार ठहरिनका लागि अदालतबाट अन्तिम फैसला भै निजले भ्रष्टाचार गरेको प्रमाणित हुनुपर्दछ। अन्तिम फैसलाबाट कसुरदार नठहरिएसम्म कुनै पनि कर्मचारी निलम्बनमा रहन्छ। निलम्बनमा रहनुको अर्थ उसको जागिर (नोकरी) नै गएको भन्ने बुझ्नु पनि हुँदैन। भ्रष्टाचारको मुद्दा चल्दा कुनै व्यक्ति कुनै पदमा रहेछ भन्ने सो पदबाट निलम्बनसम्म हुने हो। पारिश्रमिक लिने वा नलिने गरी सल्लाहकार जस्तो विज्ञ पदमा नियुक्ति गर्न मिल्ने वा नमिल्ने भन्ने स्पष्ट कानूनी आधार देखिँदैन। एकातिर यस्तो अवस्था रहेको छ भन्ने अर्कोतिर यस विषयमा यस कार्यालयको के कस्तो काम कारवाहीका कारण रिट दिएको हो भन्ने स्पष्ट कारण नदेखिएकाले रिट निवेदन खारेजभागी छ, खारेज गरी पाऊँ भन्नेसमेत बेहोराको **विपक्षी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. २ को तर्फबाट ऐ. का सचिव यामप्रसाद भुसालको लिखित जवाफ।**

**यस अदालतको आदेश**

६. नियमानुसार पेसी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागज़ातहरुको अध्ययन गरियो। सुनुवाइको क्रममा निवेदक तथा प्रत्यर्थीहरुलाई पटक पटक इजलासबाट पुकारा गर्न लगाउँदा समेत कोही पनि इजलासमा उपस्थित भएको देखिएन।

७. प्रस्तुत रिट निवेदनमा निवेदक बाबुलाल मण्डलले विपक्षी जीवनाथ चौधरीलाई प्रदेश नं. २ को भौतिक पूर्वाधार विकास मन्त्रालयको सल्लाहकारको रूपमा भएको नियुक्ति नेपालको संविधानको प्रस्तावना, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ का विभिन्न दफाहरूको विपरित भएको भनी उत्प्रेषण र परमादेश जारी गरिपाउन निवेदन दिएको देखियो। विपक्षीहरुको लिखित जवाफ हेर्दा निवेदकलाई कसुरदार ठहर गरी विशेष अदालतबाट फैसला भई सर्वोच्च अदालतमा परेको पुनरावेदनपत्रमा रायबाझी भई पूर्ण इजलासमा विचाराधिन रहेको, नेपालको संविधानको धारा २०(५) ले अन्तिम तहको अदालतबाट कसूरदार प्रमाणित भएको हुनुपर्ने प्रावधान राखेको, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३३ बमोजिम स्वतः निलम्बन हुने व्यवस्था साविक लेखा अधिकृत पदको सन्दर्भमा मात्र आकर्षित हुने हो, हालको राजनीतिक नियुक्ति वा मनोनयनको पदमा रहेर काम गर्न उक्त दफा ३३ को व्यवस्था आकर्षित हुँदैन भन्ने मुख्य जिकिर लिएको देखियो।

८. उपर्युक्त बमोजिमको रिट निवेदन मागदावी र प्रत्यर्थीहरुको लिखित जवाफ बेहोरा रहेको प्रस्तुत रिट निवेदनमा माग बमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

९. निर्णयतर्फ विचार गर्दा, प्रत्यर्थी मध्येका जीवनाथ चौधरी विगतमा निजामती कर्मचारी रहेको र निजको विरुद्ध विशेष अदालतमा भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम भ्रष्टाचार मुद्दा चलेकोमा विशेष अदालतको मिति २०७२।०३।०१ मा भएको फैसलाबाट कसुरदार ठहरी ४ महिना कैद र रु.३,००,०००/- जरिवाना हुने ठहर भएको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिन्छ। उक्त फैसलाउपर निजले यस अदालतमा पुनरावेदन गरेकोमा ०७२-CR-१४९७ को मुद्दामा मिति २०७६।०६।२९ मा संयुक्त इजलासमा रायबाझी फैसला भई पुर्ण इजलासमा बिचाराधीन रहेको भनी रिट निवेदनमा र लिखित जवाफमा समेत स्वीकार गरेको देखियो। यसरी अदालतबाट भ्रष्टाचारको कसुरमा कसूरदार ठहरेका व्यक्तिलाई मधेश प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्री राम सरोज यादवले मिति २०७८।०३।२० मा सल्लाहकारमा नियुक्ति गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २(ग) (घ), दफा ८, ३३, ३६, ५९ (च) र सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ६, १७ विपरित हुँदा निजको नियुक्ति उत्प्रेषणको आदेशले बदर गरी निज र निजसम्बद्ध संस्थालाई मधेश सरकारबाट कुनै पारिश्रमिक, सुविधा वा वजेट दिने कार्य नगर्नु भनी परमादेश समेत जारी गरी पाउँ भन्ने मुख्य मागदावी लिई रिट निवेदन दिएको भएपनि निवेदकले इजलास समक्ष उपस्थित भई प्रत्यर्थी जीवनाथ चौधरी हालसम्म पनि उक्त सल्लाहकार पदमा यथावत कार्यरत रहेका छन् भन्ने तथ्य पुष्टी गर्न सकेको देखिदैन।

१०. प्रस्तुत रिट निवेदन दायर हुँदाका बखत मिति २०७८।०५।१३ मा वहाल रहेको मधेश प्रदेशको मन्त्रिपरिषद् र विपक्षी भौतिक पूर्वाधार विकास मन्त्री हाल पदमा वहाल रहेको नदेखिई मिति २०७९।०८।०४ मा दोस्रो प्रदेश सभाको निर्वाचन सम्पन्न भई पटक पटक मन्त्रिपरिषद् गठन र विघटन हुने सिलसिला अघि बढ्दै जाँदा प्रस्तुत रिट निवेदनमा आज सुनुवाई हुँदाका बखत मधेश प्रदेशमा माननीय मुख्यमन्त्री श्री कृष्णप्रसाद यादवको अध्यक्षतामा मन्त्रिपरिषद् रहेको र उक्त मन्त्रीपरिषद्मा भौतिक पूर्वाधार विकास मन्त्री माननीय श्री राजकुमार गुप्ता रहेको कुरा प्रमाण ऐन, २०३१ को दफा ५ बमोजिम यस

अदालतको स्वयं न्यायिक जानकारीमा रहने कुरा हो। यसरी रिट निवेदकले प्रत्यर्थी भौतिक पूर्वाधार विकास मन्त्री रामसरोज यादवले मिति २०७८।०३।२० मा सल्लाहकारमा नियुक्त गरिएका प्रत्यर्थी जीवनाथ चौधरीको नियुक्तिलाई उत्प्रेषणको आदेशले बदर गरी पाउँ भनी मुख्य मागदावी लिई यो रिट निवेदन दायर भएको देखिएपनि हाल प्रत्यर्थी मन्त्री एवं सल्लाहकार समेत पदमा बहाल रही कार्यरत नै नरहेको स्थितिमा उक्त नियुक्तिको बैधता र प्रत्यर्थीको योग्यता सम्बन्धी प्रश्नको औचित्यभित्र प्रवेश गर्नुपर्ने अवस्था देखिएन। तसर्थ प्रस्तुत रिट निवेदनको प्रयोजन र औचित्य नै बाँकी रहेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

११. प्रस्तुत रिट निवेदन खारेज हुने ठहर भएपनि निवेदकले यस रिट निवेदनमा भ्रष्टाचारको मुद्दा चली शुरु तहको विशेष अदालतबाट कसुरदार ठहर भएका व्यक्तिलाई प्रदेश मन्त्रीले सल्लाहकारमा नियुक्ति गरेको भन्ने सुशासनको दृष्टिले अत्यन्त महत्वपूर्ण प्रश्न उठाएको र नेपालको संवैधानिक विकास एवं सुशासनको प्रवर्धनको लागि भविष्यमा समेत उक्त प्रश्नको सान्दर्भिकता रहिरहने हुनाले यस प्रश्नको सम्बन्धमा केही विवेचना गर्न यो इजलासले अपरिहार्य महसुस गरेको छ। नेपालको संविधानको प्रस्तावनाले नेपाली जनताको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने उद्देश्य राखेको छ। साथै संविधानको धारा ५१ को खण्ड (ख) को उपखण्ड (४) मा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने नीतिलाई राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी राज्यको नीतिको महत्वपूर्ण अंगको रुपमा परिभाषित गरेको देखिन्छ। उक्त संवैधानिक उद्देश्य र राज्यको नीति कार्यान्वयन गर्न विधायिकाले निर्माण गरेको सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को प्रस्तावनामा सुशासन पाउने नागरिकको अधिकार रहेको र यसलाई व्यवहारमा उतार्न जरुरत रहेको आवश्यकतालाई उजागर गरिएको पाइन्छ।

१२. उपर्युक्त संवैधानिक एवं कानूनी व्यवस्थाको कार्यान्वयन मुलतः राज्यका जननिर्वाचित प्रतिनिधिहरु र निजहरुबाट गठन हुने संघ, प्रदेश र स्थानीय तहका संरचनाबाट गरिनुपर्ने कुरामा विवाद हुन सक्दैन। सबै तहका निर्वाचित जनप्रतिनिधिहरु र सार्वजनिक पदमा

रहने व्यक्तिमा उच्च नैतिक चरित्रको अपेक्षासमेत वर्तमान संविधानले गरेको छ। प्रदेश कार्यपालिका अन्तर्गतका विभिन्न मन्त्रालयको जिम्मेवारीमा रहने माननीय मन्त्रीहरुले आफ्नो कार्यसम्पादन सहजताको लागि सल्लाहकार नियुक्त गर्न सक्ने कुरालाई हाम्रो कानून प्रणालीले अस्वीकार गरेको छैन। सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३४ (१) मा निजामती सेवाको पदबाट कार्य सम्पादन हुन नसक्ने विशेषज्ञ सेवा प्राप्त गर्नुपर्दा नेपाल सरकारले सम्बन्धित विषयमा विशेषज्ञता हासिल गरेको व्यक्तिलाई विषयगत सल्लाहकारको रुपमा नियुक्त गर्न सक्ने व्यवस्था रहेको पाइन्छ। उक्त कानूनी व्यवस्था संघ अर्थात नेपाल सरकारको हकमा मात्र सान्दर्भिक नभई नेपालको संविधानले सृजना गरेका नेपालको सङ्घीय संरचनाका प्रदेश तह र स्थानीय तहको लागि समेत समानरुपमा आकर्षित र सान्दर्भिक रहने देखिन्छ। यसरी राजनीतिक तह वा पदाधिकारीहरुबाट नियुक्त हुने सल्लाहकारहरुलाई प्रचलित कानूनले सार्वजनिक पद धारण गरेको व्यक्तिको रुपमा परिभाषामा नसमेटेको र निजहरुको लागि योग्यता र सेवाका शर्त के हुने भन्ने कुरा समेत ऐनमा स्पष्ट रहेको देखिदैन। नेपाल सरकारबाट नियुक्त हुने सल्लाहकारहरुको योग्यता तथा पालना गर्नुपर्ने आचरणका नियमहरु सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ को नियम २२ र २३ मा विस्तृतरुपमा व्यवस्था गरिएको देखिन्छ। उक्त नियमावलीले नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको व्यक्ति सल्लाहकार नियुक्त हुन नसक्ने गरी योग्यता निर्धारण गरिएको देखिन आयो।

१३. प्रस्तुत रिट निवेदनको सन्दर्भमा हेर्दा प्रत्यर्थी जीवनाथ चौधरी विशेष अदालतबाट भ्रष्टाचार मुद्दामा दोषी ठहर भई ४ महिना कैद र रु.३,००,०००/- जरिवाना निर्धारण भएको तथ्यलाई प्रत्यर्थीले लिखित जवाफमा स्वीकार गरेको देखियो। प्रत्यर्थी तत्कालीन मधेश प्रदेशको प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री रामसरोज यादवले लिखित जवाफमा जीवनाथ चौधरीको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन अवस्थामा रहेको, निज तत्काल कार्यरत रहेको पदबाट निलम्बन भएको भएपनि अभियोग पत्रमा अन्य कुनै पनि पदमा रहेर काम गर्न रोक लगाउने गरी मागदावी नरहेको, भ्रष्टाचार निवारण ऐन, २०५९ मा पनि त्यस्तो व्यवस्था नरहेको हुँदा मन्त्रालयबाट सल्लाहकारमा नियुक्त गरिएको काम कानूनसम्मत रहेको छ भन्ने समेत जिकीर लिएको देखिन्छ। प्रदेश मन्त्रालयबाट नियुक्त

हुने सल्लाहकारलाई प्रचलित भ्रष्टाचार सम्बन्धी कानूनले राष्ट्रसेवकको रुपमा परिभाषित नगरेको र त्यस्तो व्यक्तिको हकमा ऐनको दफा ३३ आकर्षित हुने व्यवस्था नरहेतापनि राजनीतिक पदमा निर्वाचित मन्त्री जस्तो व्यक्तिले भ्रष्टाचारको मामिलामा आचारण र व्यवहारबाट समेत सुन्य सहनशिलताको रणनीति लिन आवश्यक छ। भ्रष्टाचारको आरोप लागेका, मुद्दा विचाराधीन रहेका तथा शुरु तहबाट कसुरदार ठहर भएका व्यक्तिहरुलाई मन्त्रीको सल्लाहकारको रुपमा मन्त्रालयमा राखिन्छ भने त्यस्तो मन्त्रालय एवं सरकारबाट सुशासन प्रवर्धन हुन्छ भन्ने जनताको विश्वास समाप्त हुन पुग्दछ। जनताको सरकारप्रतिको आस्था र विश्वास एक अनुभूतिजन्य मान्यता पनि हो। त्यस्तो अनुभूति सरकारको लागि सामाजिक पूँजी हुने हुँदा वचाइराख्न आवश्यक छ। राज्यको राजनीतिक अंगमा पदासीन व्यक्तिहरु र शासन व्यवस्थाका संरचनाप्रति जनताको आस्था र विश्वास घटिरहेको वर्तमान परिप्रेक्ष्यमा हरेक निर्वाचित व्यक्ति सुशासन र जवाफदेहिताको मूल्यप्रति पूर्णरुपमा समर्पित हुन आवश्यक छ। संविधान र कानूनले प्रष्ट निषेध गरेको छैन भनी संवैधानिक एवं कानूनी व्यवस्थाको छिद्रान्वेषण गर्ने प्रवृत्ति निर्वाचित व्यक्तिहरुले त्याग्नुपर्दछ। संवैधानिक नैतिकताको मान्यतालाई सबै निर्वाचित पदाधिकारीहरु र उच्च पदस्थ व्यक्तिहरु समेतका सार्वजनिक पद धारण गरेका सम्पूर्ण पदाधिकारीहरुले मुख्य मार्गदर्शक सिद्धान्तको रुपमा आत्मसात गर्नुपर्दछ।

१४. उदारवादी संविधानले आत्मसात गरेको मूल्य मान्यता प्रतिको समर्पणलाई समसामयिक संवैधानिक विधिशास्त्रले संवैधानिक नैतिकताको मूल्यको रुपमा आत्मसात गरेको पाइन्छ। जवाफदेहिता, पारदर्शिता र विधिको शासन जस्ता सुशासनका तत्वहरुले संवैधानिक नैतिकताको वृहत अवधारणालाई पछ्याइरहेको देखिन्छ। सुशासन कानूनका औपचारिक प्रावधानको संरचनाभित्र बाँधिने मूल्य होइन। यो त आचरण र व्यवहारबाटै सदैव जनहितमा समर्पित रहने उच्च स्तरको संस्कृति शासनशैली हो। नागरिकको सुरक्षा, न्यायको प्रतिष्ठा, नियमको मर्यादा र जनकल्याणको लक्ष्य र सामूहिक विवेक सुशासनका भावभूमि हुन् जहाँ संवैधानिक नैतिकताको चम्किलो उज्यालो भेट्न सकिन्छ। सुशासनको मान्यताको वरिपरि टिक्नै नसक्ने भ्रष्टाचारका अवयवहरुलाई स्वीकार गरेर संवैधानिक नैतिकताको राजमार्गमा यात्रा गर्न सकिदैन। कानूनको औपचारिक प्रावधानले भ्रष्टाचारको कसुरमा शुरु तहबाट सजाय पाएको र पुनरावेदन तहमा मुद्दा विचाराधीन रहेको व्यक्तिलाई

सल्लाहकारमा नियुक्त गर्न निषेध गरेको छैन भनी त्यस्ता व्यक्तिहरुलाई शासकीय संरचनाको मूलप्रवाहीकरणमा स्थान दिने हो भने आमजनताले समग्र संरचनालाई नै दुषित र भ्रष्ट देख्ने र महशुस गर्ने जोखिम रहन्छ। यस्तो जोखिमलाई संविधान कार्यान्वयनको संवेदनशिल जिम्मेवारीमा रहेका पदाधिकारीहरुले स्थान दिनु हुदैन। यस सन्दर्भमा यस अदालतको संवैधानिक इजलास (ने.का.प. संवैधानिक इजलास खण्ड, भाग २, २०७९, अंक १, नि.नं. ००२८) बाट "संवैधानिक नैतिकता राज्यका उच्चाधिकारीहरुको स्वेच्छाचारी, निरङ्कुश वा एकाधिकार विरुद्धको एक महत्वपूर्ण र बन्धनयुक्त संवैधानिक आदेश पनि हो। यसले लोकतान्त्रिक मान्यतामा आधारित राजनीतिलाई दुषित बन्न दिनबाट रोक्न पनि मद्दत नै गर्दछ। यो संविधानमा अन्तरनिहित अवधारणा हो र यसले संविधानप्रति समर्पणको कुरामा जोड दिन्छ। हरेक संविधानको अभिष्ट हुन्छ र गन्तव्य हुन्छ। राज्यका पदाधिकारीहरुले आफ्नो कर्तव्यपालन मार्फत संवैधानिक अभिष्ट र गन्तव्य पछ्याउन सक्नुपर्छ" भनी संवैधानिक नैतिकताको मान्यताको व्याख्या भई संविधानको धारा १२८ बमोजिम सबैले परिपालना गर्नुपर्ने सिद्धान्तको रुपमा स्थापित भइसकेको देखिन आउँछ। यस परिवेशमा प्रदेश मन्त्रिपरिषद्बाटै संवैधानिक नैतिकता सम्बन्धी संवैधानिक इजलासबाट भएको व्याख्या एवं सिद्धान्तको प्रभावकारी कार्यान्वयन गर्न सल्लाहकार नियुक्ति सम्बन्धी स्पष्ट मापदण्ड सहितको नियमावली जारी गर्न निर्देशनात्मक आदेश जारी गर्न उपयुक्त हुने देखियो।

१५. अतः माथिको प्रकरणहरुमा गरिएको विवेचनाबाट मधेश प्रदेशको प्रदेश मन्त्रिपरिषद् अन्तर्गतका मन्त्रालयहरुमा सल्लाहकारहरुको नियुक्ति गर्ने अभ्यास रहेको तथ्य लिखित जवाफबाट स्थापित भएको, भ्रष्टाचारको कसुरमा विशेष अदालतबाट दोषी ठहर भएका व्यक्तिलाई समेत मन्त्रालयको सल्लाहकारमा नियुक्ति दिइएको र त्यस्तो व्यक्तिलाई सल्लाहकारमा नियुक्ति दिनु भ्रष्टाचार निवारण ऐन, २०५९ ले नरोकेको भन्ने अत्यन्त संकीर्ण सोच एवं मान्यताबाट सुशासन एवं संवैधानिक नैतिकता प्रतिकूलको कार्य एवं व्यवहार गर्दै जाने र त्यसलाई प्रतिरक्षा गर्ने प्रवृत्ति प्रदेशका मन्त्रीहरुमा रहेको देखिएको परिप्रेक्ष्यमा मधेश प्रदेशमा सुशासन र संवैधानिक नैतिकताको मान्यतालाई प्रवर्धन गर्नको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रादेशिक मन्त्रालयहरुले नियुक्त गर्ने सल्लाहकारको नियुक्तिको कार्यविधि, योग्यता, सुविधा र सेवाका शर्त तथा त्यस्ता

सल्लाहकारहरुले पालना गर्नुपर्ने आचरण सम्बन्धी नियमहरु समेटिएको नियम यो आदेश प्राप्त भएको ६ (छ) महिनाभित्र सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३४ (२) बमोजिम जारी गरी लागू गर्नु र त्यस्तो नियममा अन्य कुराका अतिरिक्त भ्रष्टाचारको कसुरमा मुद्दा विचाराधीन रहेका वा कसुरदार ठहर भएका व्यक्तिहरु सल्लाहकार पदमा नियुक्तिको लागि अयोग्य मानिने स्पष्ट व्यवस्था समावेश गर्नु भनी प्रत्यर्थी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेशको नाममा यो निर्देशनात्मक आदेश जारी गरिएको छ।

१६. यो निर्देशनात्मक आदेश कार्यान्वयनको लागि प्रस्तुत आदेशको प्रतिलिपि साथै राखी आदेशको जानकारी मुख्य न्यायाधिवक्ताको कार्यालय, मधेश प्रदेश मार्फत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेशलाई दिनू। यो आदेश कार्यान्वयनको अवस्थाबारे अनुगमन गर्नु भनी फैसला कार्यान्वयन निर्देशनालयलाई लेखी पठाउनू। आदेशको विद्युतीय प्रति मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी आदेशको पीठमा जनाउनू। प्रस्तुत निवेदन दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।-

**टेकप्रसाद ढुङ्गाना**
(न्यायाधीश)

उक्त रायमा म सहमत छु।

**सपना प्रधान मल्ल**
(न्यायाधीश)

इजलास अधिकृत (उप-सचिव):- कल्याण खड्का
कम्प्युटर अपरेटरः- चन्द्राबती तिमल्सेना

इति सम्वत् २०८२ साल माघ महिना ४ गते रोज १ शुभम्।